नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति**
गुहेश्वरी, फाँट, काठमाडौं

फोन नं. ०१-५७१२१४३
Email: hpcidbcoffice@gmail.com

मितिः २०८३/०६/२२

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

यस विकास समितिको कार्यालय तथा मातहतका विभिन्न संरचना, परिसर एवं सम्पत्तिको सुरक्षा व्यवस्थापनका लागि सुरक्षा गार्ड (Security Guard) उपलब्ध गराउन यस समितिमा सूचीकृत सुरक्षा सेवा प्रदायक फर्म/संस्थाहरूबाट प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

यस समितिमा सूचीकृत इच्छुक फर्म/संस्थाहरूले समितिले निर्धारण गरेको TOR सेवा शर्त तथा आवश्यक विवरणहरूका आधारमा आफ्नो प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी देहायको अवधि भित्र यस समितिको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०६/२८ गते
प्रस्ताव पेश गर्ने स्थानः अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समिति, गुहेश्वरी, काठमाण्डौं।
सेवाको विवरणः सुरक्षा गार्ड उपलब्ध गराउने कार्य
आवश्यक सुरक्षा गार्ड संख्याः ३ जना प्रतिदिन ३ Shift को लागि
सेवा अवधिः ९ महिना

प्रस्तावसँग पेश गर्नुपर्ने आवश्यक कागजात, सेवा शर्त तथा अन्य विवरण समितिबाट उपलब्ध गराइएको TOR मा उल्लेख भएबमोजिम हुनेछ। निर्धारित समयभित्र प्राप्त नभएका तथा आवश्यक कागजात पूरा नभएका प्रस्तावहरू मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

TOR तथा थप जानकारीका लागिः
अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समिति
गुहेश्वरी, काठमाण्डौं, नेपाल
फोन नं.: ०१-५७१२१४३
इमेलः hpcidbcoffice@gmail.com

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

# अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

गुहेश्वरी, काठमाडौं

## सुरक्षा गार्ड आपूर्ति (जनशक्ति) लिने सम्बन्धी फाराम

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
# अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं

फोन नं. ०१-५७१२१४३
Email: hpcidbcoffice@gmail.com

मितिः २०८३/०६/२२

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

यस विकास समितिको कार्यालय तथा मातहतका विभिन्न संरचना, परिसर एवं सम्पत्तिको सुरक्षा व्यवस्थापनका लागि सुरक्षा गार्ड (Security Guard) उपलब्ध गराउन यस समितिमा सूचीकृत सुरक्षा सेवा प्रदायक फर्म/संस्थाहरूबाट प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

यस समितिमा सूचीकृत इच्छुक फर्म/संस्थाहरूले समितिले निर्धारण गरेको TOR सेवा शर्त तथा आवश्यक विवरणहरूका आधारमा आफ्नो प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी देहायको अवधि भित्र यस समितिको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०६/२८ गते
प्रस्ताव पेश गर्ने स्थानः अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समिति, गुहेश्वरी, काठमाण्डौ।
सेवाको विवरणः सुरक्षा गार्ड उपलब्ध गराउने कार्य
आवश्यक सुरक्षा गार्ड संख्याः ३ जना प्रतिदिन ३ Shift को लागि
सेवा अवधिः ९ महिना

प्रस्तावसँग पेश गर्नुपर्ने आवश्यक कागजात, सेवा शर्त तथा अन्य विवरण समितिबाट उपलब्ध गराइएको TOR मा उल्लेख भएबमोजिम हुनेछ। निर्धारित समयभित्र प्राप्त नभएका तथा आवश्यक कागजात पूरा नभएका प्रस्तावहरू मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

TOR तथा थप जानकारीका लागिः
अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समिति
गुहेश्वरी, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-५७१२१४३
इमेलः hpcidbcoffice@gmail.com

१. यस कार्यालयको लागि आवश्यक सुरक्षा गार्ड सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीहरुलाई खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सुचना जारि गरिएको छ।

२. यो प्रक्रिया भौतिक माध्यम (hard copy) बाट हुनेछ।

३. बोलपत्रमा भाग लिने सुचिकृत फर्मले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु पेश गर्नुपर्नेछ।

क) कम्पनी दर्ता प्रमाण पत्र।

ख) व्यवसाय दर्ता र आ.व.२०८२/०८३ को लागि नविकरण गरिएको प्रमाण पत्र ।

ग) मुल्य अभिवृद्धि करमा आबद्ध भएको प्रमाण पत्र ।

घ) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र र बोलपत्रमा छनौट भएको खण्डमा करार सम्झौता गर्नु अघि २०८२।८३ को कर चुक्ता प्रमाण पत्र वा समयावधि थपको प्रमाणपत्र ।

ङ) सामाजिक सुरक्षा कोष दर्ता प्रमाण-पत्र ।

च) श्रम इजाजत दर्ता तथा नविकरण प्रमाण-पत्र ।

छ) Power of Attorney को Original copy ।

ज) अनुसूची-२ बमोजिमको Letter of Price Bid बोलपत्रदाताले छुट (Discount) उपलब्ध गराउने भएमा सोहि Letter of Price Bid मा खुलाउनु पर्नेछ ।अन्य काजगतमा खुलाइएको Discount लाई मुचुल्का र मुल्यांकनमा ग्रहण गरिने छैन।

झ) यस बोलपत्र अन्तर्गतको अनुसूची-३ ख बमोजिमको दररेट फाराममा हस्ताक्षर र सही छाप गरिएको हुनुपर्नेछ ।

ञ) अनुसूची-४ बमोजिमको प्रस्तावदाताको विवरण सम्बन्धि फाराम

ट) कम्पनीको प्रवन्ध पत्र र नियमावली (Latest Update सहित)

४. दाखिला गर्ने अन्तिम मिति २०८३ साल असोज २८ दिनको २:०० बजे सम्म।

५. दाखिला भएका प्रस्तावहरु मिति २०८३ साल असोज २८ गते दिनको ३:०० बजेको समयमा यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा हुने छैन।

६. यस सूचनामा उल्लेख भएका विषयहरु सूचना बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), नेपाल दूरसन्चार कम्पनी लिमिटेडको प्रचलित आर्थिक विनियमावली र नेपालको प्रचलित कानून अनुसार हुनेछ।

**नोटः** यो सूचना तथा यस सूचना सम्बन्धी अन्य जानकारी अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति गुहेश्वरी, काठमाडौंको कार्यालयबाट लिन सकिनेछ ।

१. प्रस्तावदातालाई प्रस्ताव तयार गर्ने निर्देशन तथा थप जानकारी

| सि.नं. | विवरण |
|---|---|
| १. | यस प्रस्तावको करार अवधि करार सम्झौता भई जारी भएको लिखित Work Order मा उल्लेख भएको मितिले ९(नौ) महिनाको हुने छ। आपूर्तिदाता (Supplier) ले यस कार्यका लागि खटाउने प्रत्येक सुरक्षा गार्डको विस्तृत व्यक्तिगत विवरण (Detailed CV) तथा प्रचलित कानून बमोजिम स्वीकृत प्राप्त बिमा संस्थाले कामदारको न्यूनतम १ (एक) **वर्ष अवधिको (सम्झौता अवधिलाई खाम्ने) प्रति कामदार रु. ७ (सात) लाख Coverage को वार्षिक दुर्घटना बीमा र प्रति कामदार रु. १ (एक) लाख Coverage को स्वास्थ्य बिमाको सक्कल पोलिसी** खरिदकर्ता (यस विकास समिति) द्वारा जारी गरिने **कार्यदेश (Work Order) मा तोकिएको मिति वा सोभन्दा अगावै** अनिवार्य रूपमा बुझाई स्वीकृत गराउनु पर्नेछ। उक्त अवधिभित्र यी कागजातहरू नबुझाएमा कार्यदेश बमोजिमको कार्य सुरु गर्न दिइने छैन। ठेक्का अवधिभर जुनसुकै कारणले कामदार परिवर्तन (Change of Personnel/Substitution) भएको खण्डमा, नयाँ थपिने वा प्रतिस्थापन गरिने कामदारको नयाँ दुर्घटना बीमा गराउँदा वा मौजुदा बीमा पोलिसीमा नाम परिवर्तन (Endorsement) गर्दा लाग्ने थप बीमा शुल्क वा प्रिमियम (Insurance Premium) को सम्पूर्ण वित्तीय भार एवं खर्च **अक्षरसः आपूर्तिदाता (Supplier) ले नै बेहोर्नु पर्नेछ।** कामदार फेरबदल भएको वा बीमा शुल्कमा वृद्धि भएको कुनै पनि बहानामा यस विकास समिति समक्ष थप कुनै पनि किसिमको वित्तीय भार, क्षतिपूर्ति वा आर्थिक दाबी (Financial Claim) पेश गर्न पाइने छैन र त्यस्तो दाबी स्वतः खारेज योग्य हुनेछ। कार्यदेशमा उल्लिखित मितिभित्र तोकिएका कागजातहरू बुझाउन नसकेमा वा बीमा दायित्व बहन गर्न इन्कार गरेमा, त्यसलाई आपूर्तिदाताको तर्फबाट सम्झौताको गम्भीर उल्लंघन (Material Breach of Contract) मानिनेछ र यस विकास समितिले कुनै पनि अग्रिम सूचना नदिई सम्झौता रद्द गर्न सक्नेछ। |
| २. | प्रस्तावदातालाई प्रस्ताव सम्बन्धि कागजात विस्तृत अध्ययन गरी प्रस्तावमा उल्लेखित विषयहरु भरी एवं आवश्यक कागजात संलग्न गरी यस विकास समितिमा पेश गर्नुपर्नेछ। |
| ३. | इच्छुक प्रस्तावदाताहरुले यो सूचना प्रकाशित भएको मितिवाट तोकिएको समय सिमाभित्रमा यस फारममा कागजातको पृष्ठ २ को दफा ३(क) देखि ३ (ट) सम्मका कागजातहरु पेश गर्नुपर्नेछ। |
| ४. | प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय मितिः- २०८३/०६/२८ समयः- दिनको २:०० बजे सम्म । |
| ५. | प्रस्ताव खोलिने मिति, समय र स्थान- २०८३/६/२८ समयः- दिनको ३:०० बजे ।<br>स्थानः- अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी, काठमाडौं |
| ६. | प्रस्ताव दाखिला गर्ने अन्तिम दिन तोकिएको समय भित्र प्रस्ताव पत्र भौतिक रुपमा दर्ता गराई सक्नुपर्नेछ। दाखिला भएका प्रस्तावहरु सोही दिन तोकिएको समयमा उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा हुने छैन। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०४२

| सि.नं. | विवरण |
|---|---|
| ७. | प्रस्तावदाताले यस कार्यालयमा कार्य गर्ने जनशक्ति अन्य कुनै संस्था वा कार्यालयमा कार्यरत भए उक्त संस्था वा कार्यालयबाट कार्य गर्न प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको पत्र प्रस्ताव सँगै पेश गरेको हुनुपर्नेछ। |
| ८. | प्रस्तावदाता संस्थाको तर्फबाट प्रस्ताव पेश गर्ने कम्पनीको आधिकारिक व्यक्ति भए/नभएको हुने प्रमाण सहित वा सो नभए अख्तियारी तोकी अख्तियारी पत्र (Power of Attorney) संलग्न हुनुपर्नेछ। सोही व्यक्ति सँग मात्र यस विकास समितिले परामर्श तथा समन्वय गर्नेछ। |
| ९. | प्रस्तावमा उल्लेख भए बमोजिमको जनशक्ति विवरण सम्बन्धि कुराका अतिरिक्त अन्य ऐतिहासिक तथ्य सम्बन्धि विषयमा मूल्याङ्कन समितिलाई शंका लागेमा वा कुनै जानकारी प्राप्त गर्न सम्बन्धित संस्थाबाट थप स्पष्टता सम्बन्धि विवरण माग गर्न सकिनेछ। प्रस्तावमा झुट्टा विवरण पेश गरेको पाईएमा उक्त कम्पनीको प्रस्ताव अस्वीकृत गरी आगामी दिनमा समेत अयोग्य ठहरिने गरी कालो सूचीमा राख्ने तर्फ कारवाही अगाडी बढाईनेछ। |
| १०. | <u>बोलपत्रको मुल्यांकन:</u><br>यस विकास समितिबाट गठित मूल्याङ्कन समितिले प्राप्त प्रस्ताबहरूको परीक्षण तथा मूल्याङ्कन गर्नेछ। बोलपत्रसम्बन्धी कागजात तथा Specifications बमोजिम योग्यता पूरा गरेका र सारभूत रूपमा प्रभावकारी (Substantially Responsive) ठहरिएका बोलपत्रदातामध्ये सबैभन्दा घटी मूल्याङ्कित बोल रकम (Lowest Evaluated Bid Amount) प्रस्ताव गर्ने बोलपत्रदातालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (६) बमोजिम मूल्याङ्कन समितिले स्वीकृतिका लागि छनोट गर्नेछ।<br><br>साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (९) बमोजिम स्वीकृत प्रस्तावको बोलपत्रदातासँग सेवा करार गर्न नआएमा त्यसपछिको सबैभन्दा घटी सेवा शुल्क प्रस्ताव गर्ने बोलपत्रदातासँग सेवा करार गर्न सकिनेछ।<br><br>मूल्याङ्कनका क्रममा सारभूत रूपमा प्रभावकारी ठहरिएका दुई वा दुईभन्दा बढी बोलपत्रदाताहरूको मूल्याङ्कित रकम (Evaluated Bid Amount) बराबर भई न्यूनतम कबोल अंक कायम हुन आएमा त्यस्ता बोलपत्रदातामध्ये सफल बोलपत्रदाताको निर्धारण गोला प्रथा (Lucky Draw) द्वारा गरिनेछ।<br><br>गोला प्रथासम्बन्धी कार्य बोलपत्र मूल्याङ्कन समितिको उपस्थितिमा पारदर्शी, निष्पक्ष र अभिलेखयोग्य ढङ्गबाट सम्पन्न गरिनेछ। उक्त गोला प्रथाबाट प्राप्त परिणामलाई बोलपत्र स्वीकृति तथा खरिद सम्झौताको कानुनी आधारका रूपमा लिइनेछ। |
| ११. | प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ। साथै रकम उल्लेख गर्दा दशमलव पछि दुई अंक सम्म अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। |

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय ... गुह्येश्वरी, काठमाडौं २०८२

| सि.नं. | विवरण |
|---|---|
| १२. | मूल्याङ्कन समितिले प्रत्येक प्रस्तावदाताहरुको मूल्याङ्कन गर्दा प्रस्तावमा कुनै अंकमा गणितीय त्रुटी पाईएमा यस कार्यालयले त्यस्तो त्रुटी सच्याउन सक्नेछ। त्यसरी त्रुटी सच्याउँदा एकाई दर कुल रकममा भिन्नता भएमा एकाई दर मान्य हुनेछ र सोही दर बमोजिम कुल रकम सच्याईनेछ। त्यसरी त्रुटी सच्याईकोमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई दिईनेछ। |
| १३. | प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकृत भई छनौट भएमा उक्त प्रस्तावदातालाई सूचना पठाई ७ (सात) दिन भित्र नियमानुसारको सम्झौता गर्न पत्राचार गरिनेछ। |
| १४. | कबोल गरेको रकम जनशक्ति आपूर्तिको संख्याको आधारमा सम्बन्धित कार्यालय प्रमुखको सिफारिश, हाजीर प्रमाण एवं आपुर्तिकर्ताले पेश गरेको अघिल्लो महिनामा परिचालित जनशक्तिको नामबाट सामाजिक सुरक्षा कोषमा दाखिला गरेको statement तथा बैंक मार्फत कार्यरत जनशक्तिलाई Transfer गरेको तलब भत्ताको प्रमाणसाथ संलग्न गरी मासिक भ्याट बिल (Running Monthly VAT Bill) प्राप्त भए पश्चात प्रचलित कानुन बमोजिम कर कट्टी गरी मासिक रुपमा आपुर्तिकर्तालाई बैङ्क मार्फत भुक्तानी दिईनेछ। यसरी भुक्तानी दिनु अघि पेश भएको कागजातको रुजु गर्ने प्रयोजनको लागि निर्देशनालयले आपुर्तिकर्तासँग थप कागजात समेत माग गर्न सक्नेछ । |
| १५. | प्रस्तावदातालाई भुक्तानी दिने रकममा कट्टी हुने करहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ। |
| १६. | कार्यालयमा आपूर्ति गरिने जनशक्तिलाई श्रम ऐन, २०७४ तथा नियमावली, २०७५, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल राजपत्रको खण्ड ७५ संख्या २० भाग ५ मा मिति २०८२/०४/०५ मा प्रकाशित सूचना र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको प.सं. ०८२/०८३, च.नं.६८, मिति २०८२/०४/२२ गते सरोकारवालालाई जारी गरिएको श्रमिक आपूर्तिकर्ता मार्फत आपूर्ति हुने श्रमिकहरुका लागि न्यूनतम पारिश्रमिक, सेवा सुविधा दररेटको विवरणमा तोकिए बमोजिमको सुविधा उपलब्ध गराउने गरी प्रस्ताव पेश गर्नुपर्नेछ। सो भन्दा कम सुविधा उपलब्ध गराउने गरी पेश गरेको प्रस्ताव अयोग्य ठहरिनेछ। |
| १७. | सेवा करार सम्झौताको कार्यान्वयनका क्रममा पक्षहरूबीच कुनै विवाद, मतभेद वा दाबी उत्पन्न भएमा त्यस्तो विवादलाई प्रारम्भमा पक्षहरूबीच आपसी वार्ता तथा समझदारीबाट विवाद उत्पन्न भएको मितिले तीस (३०) दिनभित्र समाधान गर्न हरसम्भव प्रयास गरिनेछ। उक्त अवधिभित्र आपसी वार्ता तथा समझदारीबाट विवाद समाधान हुन नसकेमा विवाद निरूपणका लागि विवाद उत्पन्न भएको मितिले साठी (६०) दिनभित्र मध्यस्थता कार्यवाही प्रारम्भ गरिनेछ र सो कार्यवाही प्रचलित मध्यस्थता ऐन, २०५५, यस ठेक्का सम्झौता तथा लागू हुने अन्य प्रचलित कानूनबमोजिम सञ्चालन गरिनेछ। यस प्रयोजनका लागि मध्यस्थताको स्थान (Place of Arbitration) काठमाडौं, नेपाल हुनेछ। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

| सि.नं. | विवरण |
|---|---|
| १८. | यस बोलपत्रमा लेखिएको बाहेक अन्य व्यवस्थाहरु सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल दुरसन्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०७१ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । |
| १९. | **अंकगणितीय त्रुटि सच्याउने सम्बन्धी व्यवस्थाः** खरिदकर्ताले (यस विकास समिति) बोलपत्रमा देखिएका अंकगणितीय त्रुटिहरू देहायबमोजिम सच्याउनेछ:<br>(क) एकाइ मूल्य (Unit Price) र उक्त एकाइ मूल्यलाई सम्बन्धित परिमाण (Quantity) ले गुणा गरी कायम हुने कुल मूल्य (Total Price) बीच भिन्नता देखिएमा एकाइ मूल्यलाई मान्य मानी कुल मूल्य सच्याइनेछ तर खरिदकर्ताको रायमा एकाइ मूल्य उल्लेख गर्दा दशमलव बिन्दु (Decimal Point) स्पष्ट रूपमा गलत स्थानमा परेको देखिएमा उद्धृत गरिएको कुल मूल्यलाई मान्य मानी एकाइ मूल्य सोही अनुरूप सच्याइनेछ।<br>(ख) उप-कुलहरू (Subtotals) को जोड वा घटाउबाट कायम हुने कुल रकममा त्रुटि देखिएमा, सम्बन्धित उप-कुलहरूलाई मान्य मानी कुल रकम सच्याइनेछ।<br>(ग) मूल्य अनुसूचीको सारांश (Summary of Price Schedule) मा उल्लिखित बोलपत्र मूल्य र बोलपत्र पेश गर्ने पत्र (Letter of Bid) मा उल्लिखित बोलपत्र रकम बीच भिन्नता देखिएमा मूल्य अनुसूचीको सारांशमा उल्लिखित बोलपत्र मूल्यलाई मान्य मानी बोलपत्र पेश गर्ने पत्रमा उल्लिखित बोलपत्र रकम सोही अनुरूप सच्याइनेछ।<br>(घ) अंक र अक्षर दुवैमा कबोल गरको रकमबीच भिन्नता देखिएमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्य मानिनेछ। तर, अक्षरमा उल्लिखित रकम अंकगणितीय त्रुटिका कारण फरक परेको अवस्था भएमा, माथि खण्ड (क) र (ख) मा उल्लिखित व्यवस्थाको अधीनमा रही अंकमा उल्लिखित रकमलाई मान्य मानिनेछ। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

# अनुसूची-१

## प्रस्तावित कर्मचारीको लागि CV को ढाँचा ( नेपाली नागरिकता अनिवार्य रुपमा समावेश गरेको हुनपर्ने)

नामः

स्थायी ठेगानाः जिल्लाः..................., म.न.पा./उ.म.न.पा./न.पा./गा.पा ........................, वडा नं........, गाउँ/टोल..................................................

अस्थायी ठेगानाः जिल्लाः..................., म.न.पा./उ.म.न.पा./न.पा./गा.पा ........................, वडा नं........, गाउँ/टोल..................................................

जन्म मितिः वि.सं............... साल............. महिना...........गते (इस्वी सं............ साल.........महिना......ग

राष्ट्रियताः

शैक्षिक योग्यताः

तालिमः

अनुभवः

फोन नं./मोबाईल नं.

ईमेलः

प्रमाणित गर्नेको हस्ताक्षरः

मितिः

अनुसूची-२

## आर्थिक प्रस्ताव पेश गर्ने फाराम (Letter of Price Bid)

मितिः-..................................

श्री अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
गुहेश्वरी, काठमाडौं

महोदय,

हामी तल सही छाप गर्नेले सुरक्षा गार्ड सँग सम्बन्धित जनशक्ति आपुर्ति गर्न तहाँ कार्यालयबाट प्राप्त प्रस्ताव राम्रोसँग जाँची अध्ययन गरियो र तहाँको मिति २०८३।०६।२२ को प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गुहेश्वरी, काठमाडौं सुरक्षा गार्ड जनशक्ति आपुर्ति कार्यमा कागजातमा तोकिए बमोजिम उपयुक्त सेवा दिन इच्छुक भएकाले यो आर्थिक प्रस्ताव पेश गरेका छौं। हामीले प्रस्तावसँगै प्राप्त फाराम बमोजिम सेवाका लागि लाग्ने जनशक्ति तथा अन्य कार्यहरु संचालनको लागि देहाय बमोजिम अनुमानित लागत बमोजिम कुल मूल्य भ्याट सहित रु......................(अंकमा)रु.................................................. (अक्षरमा) उल्लेख गरी यसै साथ पेश गरेका छौं।

<u>छुट (Discount) दिने भएको खण्डमा उक्त छुटको विवरणः</u>

दस्तखतः

नामथरः

दर्जाः

कम्पनीको छापः

अनुसूची-३

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी, काठमाडौंलागि आवश्यक सुरक्षा गार्ड सेवा खरिदको दररेट फारामः

आवश्यक जनशक्तिः ३(तिन) जना

क) श्रमिकको न्युनतम सेवा सुविधा (प्रति व्यक्ति मासिक रु. मा)

| सि.नं. | श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ | शीर्षक | जनशक्ति संख्या | प्रति व्यक्ति मासिक रकम रु. |
|---|---|---|---|---|
| क. न्यूनतम पारिश्रमिक | | | | |
| १ | दफा १०६ | आधारभूत पारिश्रमिक | ५७ | १२१७०.०० |
| २ | दफा १०६ | महंगी भत्ता | ५७ | ७३८०.०० |
| ख. सुविधा | | | | |
| ३ | दफा ५२ | संचयकोष (आधारभूत पारिश्रमिकको १० प्रतिशत रोजगार दाताले थप गर्नुपर्ने) | ५७ | १२१७.०० |
| ४ | दफा ५३ | उपदान (आधारभूत पारिश्रमिकको ८.३३ प्रतिशत रोजगार दाताले थप गर्नुपर्ने) | ५७ | १०१३.७६ |
| ५ | दफा ५४ र दफा ५५ | सामाजिक सुरक्षा कोष (आधारभूत पारिश्रमिकको १.६७ प्रतिशत रोजगार दाताले थप गर्नुपर्ने) | ५८ | २०३.२४ |
| ६ | दफा ४३ र दफा ४९ | घर बिदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले पारिश्रमिक) | ५७ | ७०२.१२ |
| ७ | दफा ४४ | विरामी बिदा (बार्षिक १२ दिन पारिश्रमिक) | ५७ | ४६८.०८ |
| ८ | दफा ३७ | चाड पर्व खर्च (प्रत्येक वर्ष एक महिनाको आधारभूत पारिश्रमिक बराबर) | ५७ | १०१४.१७ |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति
गुहेश्वरी, काठमाडौं
२०५२

| सि.नं. | श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ | शीर्षक | जनशक्ति संख्या | प्रति व्यक्ति मासिक रकम रु. |
|---|---|---|---|---|
| ग. श्रमिकहरुको मासिक पारिश्रमिक र सेवा सुविधा गरी कुल जम्मा | | | | २४१६८.३७ |
| घ. निर्देशनालयको प्रशासन प्रमुखको पूर्व स्वीकृती पश्चात सार्वजनिक बिदा र साप्ताहिक बिदाको दिन पनि काम गर्ने श्रमिकको हकमा मात्र | | | | |
| ९ | दफा ३०, ३१, ४० र नियम २० | चार ओटा साप्ताहिक विदाको थप रकम | ५७ | २८०८.४८ |
| १० | दफा ३०, ३१ र ४१ | बार्षिक १३ दिन सार्वजनिक बिदा वापत मासिक | ५७ | ७६०.६३ |
| ङ. सार्वजनिक बिदा र साप्ताहिक बिदामा समेतगरी दैनिक ८ घण्टा काम गरेमा प्रति श्रमिकले पाउने अधिकतम मासिक जम्मा रु. | | | | २७,७३७.४८ |

ख) दररेट फारामः (Summary of Prices)

| सि. नं. | कामको विवरण | जनशक्ति संख्या | समय अवधि (महिनामा) | प्रति व्यक्ति मासिक रकम रु. अङ्कमा | प्रति व्यक्ति मासिक रकम रु. अक्षरमा | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ = ३ X ४ X ५ |
| अ. | **प्रोभिजनल सम** | | | | | |
| | **सामुहिक दुर्घटना बिमा** | | | | | |
| १ | श्रमिक प्रति व्यक्ती ७,००,००० को दरले सामुहिक दुर्घटना बिमा प्रती हजार ४.५२ = ३१६४ प्रत्येक वर्षको लागि | ३ | १२ | ९४९२.०० | नौ हजार चार सय बयानब्बे रुपैया शून्य पैसा मात्र। | ९४९२.०० |
| | **जम्मा प्रोभिजनल सम** | | | | | |
| आ. | **सेक्युरेटी गार्ड आपुर्ति** | | | | | |
| २ | सेक्युरेटी गार्ड गर्ने व्यक्ती आपुर्ति | ३ | ९ | | | |
| | **जम्मा रकम** | | | | | |
| | १३% मूल्य अभिवृद्धि (VAT) | | | | | |
| | **कुल जम्मा रकम (भ्याट सहित)** | | | | | |

- दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ। दर रेट माथिको तालिका अनुसार भर्नुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
- माथि उल्लेखित विवरणहरूको दररेट प्रस्ताव गर्दा नेपाल सरकार वा सम्बन्धित कानूनी अधिकार प्राप्त निकायबाट समय समयमा निर्धारण गरिएको न्यूनतम पारिश्रमिक तथा अन्य प्रचलित श्रमसम्बन्धी कानूनी व्यवस्थाभन्दा कम दर प्रस्ताव गरेमा त्यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन। यस प्रयोजनका लागि न्यूनतम पारिश्रमिक

सक्षम निकायबाट निर्धारण तथा समय समयमा संशोधन हुने पारिश्रमिक, सुविधा एवं योगदान रकमलाई जनाउनेछ। साथै, सम्झौता अवधिमा सक्षम निकायबाट न्यूनतम पारिश्रमिक वा श्रमिकसम्बन्धी अनिवार्य सुविधाहरूमा संशोधन वा वृद्धि भएमा त्यस्ता व्यवस्थाहरू प्रचलित कानून बमोजिम लागू गरिनेछन्।

- साप्ताहिक वा सार्वजनिक बिदाको दिनमा काम गराउनको निमित्त यस विकास समितिको प्रशासन शाखाको अनिवार्य रुपमा स्वीकृती लिनुपर्नेछ र यसरी स्वीकृत प्राप्त गरेको हकमा प्रचलित कानूनी व्यवस्था बमोजिम थप भुक्तानी गरीनेछ।

- न्यूनतम समय भन्दा बढि समय काममा लगाए वापत संवत् २०८२ साउन १ गते देखि लागू हुने गरी नेपाल सरकारद्वारा मिति २०८२/०४/०५ को नेपाल राजपत्रमा प्रकाशित सूचना र श्रम तथा व्यवसायजन्य सुरक्षा बिभागको प.सं.०८२/८३, च.नं.६८, मिति २०८२/०४/२२ गते सरोकारवालालाई जारी गरिएको श्रमिक आपूर्तिकर्ता मार्फत आपूर्ति हुने श्रमिकहरुका लागि न्यूनतम पारिश्रमिक, सेवा सुविधा दररेटको विवरणमा तोकिए बमोजिमको सुविधाको उपलब्ध गराउनुपर्नेछ।

## अनूसूची-४

### प्रस्तावदाताको विवरण सम्बन्धि फाराम

(प्रस्तावदाताले यो फाराम भर्नुपर्नेछ। यो फाराममा कुनै पनि परिवर्तन गर्न पाइने छैन र यो फारामको सट्टा अर्को कुनै पनि फाराम स्वीकार गरिने छैन। संयुक्त उपक्रम भएको खण्डमा संयुक्त उपक्रमका प्रत्येक सदस्यले यो फाराम छुट्टा छुट्टै भरी आ-आफ्नो विवरण पेश गर्नुपर्नेछ)

मितिः...................................................

पेज नम्बरः-................... (जम्मा पेज संख्या....................)

| सि.नं. | विवरण | फर्मले पेश गर्ने |
|---|---|---|
| १. | प्रस्तावदाताको नामः | |
| २. | प्रस्तावदाताको ठेगानाः | |
| ३. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता देशः | |
| ४. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता भएको देशको ठेगानाः | |
| ५. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता मितिः | |
| ६. | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरणः | नामः- ठेगानाः- फ्याक्स/टेलीफोनः- ईमेलः- |
| ७. | प्रस्तावदाताको टेलिफोनः- फ्याक्सः- ईमेलः- | |
| ८. | निम्न कागजातहरुको सक्कल बमोजिमको प्रतिलिपि संलग्न गरिएको छ। | फर्म/कम्पनी दर्ता प्रमाण-पत्रः- फर्म/कम्पनीलाई प्रतिनिधित्व गर्ने आधिकारिकताको प्रमाण पत्रः- |

## अनूसूची-५

### आपूर्ति गर्नुपर्ने सेवाको विवरण
### कामदार जनशक्ति संख्याः- ३

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी, काठमाडौंलागि आवश्यक सुरक्षा गार्ड सेवाका प्रस्तावित कर्मचारीहरुको योग्यता

| स.नं. | विवरण | योग्यता |
|---|---|---|
| १ | सुरक्षा गार्ड सम्बन्धी कर्मचारी (३ जना) | - नेपाली नागरिक हुनुपर्ने, - सामान्य लेखपढ गर्न सक्ने, - पेशा सम्बन्धी ज्ञान भएको हुनुपर्ने- १८ बर्ष उमेर पूरा भई ५८ बर्ष ननाघेको, - कुनै पनि फौजदारी अभियोगमा कसुरदार नठहरिएको प्रहरी रिपोर्ट र शारीरिक र मानसिक रुपमा स्वस्थ रहेको प्रमाण निरोगीताको प्रमाण पत्र पेश गर्नुपर्ने। |

फर्म/कम्पनीको नामः..................................................

आधिकारिक हस्ताक्षरः..................................................

हस्ताक्षर गर्नेको नाम थरः..................................................

सम्पर्क नम्बरः..................................................

मितिः.........................................

फर्म/कम्पनीको छापः.......................................

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति**
गुहेश्वरी, काठमाडौं
तथा

**सुरक्षा गार्ड आपूर्ति सम्बन्धी**
**कार्य क्षेत्रगत शर्तहरु**
**(Terms of References)**

१. <u>परिचय</u>

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश २०७३ अनुसार यो समिति गठन भएको हो। समितिको कार्यालय, कार्यक्षेत्र, संरचना, सम्पत्ति, उपकरण तथा अन्य संवेदनशील स्थानहरूको सुरक्षा, संरक्षण तथा सुरक्षित वातावरण कायम गर्न आवश्यक जनशक्ति परिचालन गर्नुपर्ने भएकोले संस्था करारमार्फत सुरक्षा गार्डको सेवा खरिद गर्ने प्रयोजनका लागि यो कार्यक्षेत्रगत शर्तहरु तयार गरिएको छ।

२. <u>परिभाषा :</u>

(क) **समिति** भन्नाले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश २०७३ बमोजिम स्थापना भएको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिलाई जनाउँछ।

(ख) **आपूर्तिकर्ता** भन्नाले समितिको बोलपत्र स्वीकार गरी यस खरिद सम्झौताका शर्तहरूको अधीनमा रही समितिलाई आवश्यक सुरक्षा गार्ड आपूर्ति गर्न खरिद सम्झौता गरी कार्यदेश दिइएको फर्मरकम्पनीलाई जनाउँछ।

(ग) **खरिद सम्झौता** भन्नाले सुरक्षा गार्ड आपूर्तिका लागि समिति र आपूर्तिकर्ताबीच भएको सम्झौतालाई जनाउँछ। बोलपत्र आह्वानको सूचना, बोलपत्रदातालाई निर्देशन, कार्य क्षेत्रगत शर्तहरू, खरिद सम्झौता, मूल्यसूचीरपरिमाण विवरण, बोलपत्र स्वीकारपत्र, धरौटीका कागजात तथा समितिले दिएका आदेशहरू समेत यसका अभिन्न अंग हुनेछन्।

(घ) **सुरक्षा गार्ड** भन्नाले खरिद सम्झौता बमोजिम आपूर्तिकर्ताले तोकिएको योग्यता पूरा भएको अवस्थामा आपूर्ति गर्नुपर्ने, कार्यालय, कार्यस्थल, सम्पत्ति तथा संरचनाको सुरक्षा र निगरानी गर्ने व्यक्तिलाई जनाउँछ।

(ङ) **आवश्यक योग्यता** भन्नाले बोलपत्र कागजातमा तोकिएबमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनुपर्ने सुरक्षा गार्डको योग्यता र अनुभवलाई जनाउँछ।

(च) **कार्यालय** भन्नाले अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी, काठमाडौंलाई जनाउँछ।

(छ) **कार्यक्षेत्र** भन्नाले समितिको कार्यालय, कार्यालय परिसर, नदी किनारा तथा समितिले सुरक्षा प्रयोजनका लागि तोकेका अन्य संरचना, आयोजना स्थल, पार्क, भण्डारण स्थल तथा सम्पत्तिलाई जनाउँछ।

(ज) **ड्युटी स्थल** भन्नाले समितिबाट सुरक्षा गार्ड परिचालन गर्न तोकिएको कार्यालय वा कार्यक्षेत्रभित्रको स्थानलाई जनाउँछ।

## ३. सम्पादन गर्नुपर्ने कामको विवरण :

(क) समितिको कार्यालय, परिसर, संरचना, उपकरण, सामग्री तथा तोकिएका कार्यस्थलको सुरक्षा तथा निगरानी गर्ने।

(ख) कार्यालयरकार्यस्थलमा प्रवेश गर्ने व्यक्ति, सवारी साधन तथा आवश्यक परे सामानको आवतजावतमा तोकिएको सुरक्षा प्रक्रिया पालना गराउने।

(ग) तोकिएको प्रवेशद्वार, गेट, भवन, पार्किङ तथा अन्य संवेदनशील स्थानमा नियमित पहरा दिने।

(घ) आगलागी, चोरी, तोडफोड, अनधिकृत प्रवेश, झगडा, दुर्घटना वा अन्य असामान्य अवस्था देखिएमा तत्काल सम्बन्धित अधिकारीलाई जानकारी गराउने र प्रारम्भिक सुरक्षा उपाय अपनाउने।

(ङ) ड्युटी स्थलको नियमित निरीक्षणरगस्ती गरी शंकास्पद गतिविधि, क्षति वा जोखिम देखिएमा अभिलेख राखी सम्बन्धित अधिकारीलाई जानकारी गराउने।

(च) कार्यालयबाट स्वीकृत सुरक्षा व्यवस्था, ड्युटी तालिका, प्रवेश नियन्त्रण तथा आगन्तुक व्यवस्थापनसम्बन्धी निर्देशन पालना गर्ने।

(छ) ड्युटी परिवर्तन गर्दा अघिल्लो ड्युटीमा भएका महत्वपूर्ण घटना, चाबी, अभिलेख तथा अन्य जिम्मेवारी व्यवस्थित रूपमा हस्तान्तरण गर्ने।

(ज) समितिको सम्पत्ति वा संरचनामा क्षति हुन सक्ने अवस्था देखिएमा तत्काल रोकथाम तथा सूचना दिने।

(झ) समितिले आवश्यकता अनुसार दिएको सुरक्षा सम्बन्धी अन्य कार्यसमेत गर्ने।

## ४. कार्य समय :

सुरक्षा सेवा आवश्यकता अनुसार पालो (Shift) प्रणालीमा निरन्तर सञ्चालन गर्नुपर्नेछ। प्रत्येक सुरक्षा गार्डको ड्युटी समय, पालो तथा विश्राम समय समितिले स्वीकृत गरेको ड्युटी तालिका बमोजिम हुनेछ। आवश्यकताअनुसार दिन तथा रात दुवै समयमा सुरक्षा सेवा उपलब्ध गराउनुपर्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०८२

कार्यालयरकार्यस्थलको सुरक्षा अवस्था तथा समितिको आवश्यकता अनुसार ड्युटी समय वा सुरक्षा गार्ड परिचालनमा आवश्यक समायोजन गर्न सकिनेछ।

५. <u>कार्यालयको दायित्व :</u>

(क) आपूर्तिकर्ताले प्रस्ताव गरेको सुरक्षा गार्ड तथा ड्युटी व्यवस्थापनसम्बन्धी विवरण आवश्यकतानुसार स्वीकृत गरी जानकारी गराउने।

(ख) सुरक्षा गार्डलाई खटाउने ड्युटी स्थल तथा कार्यसम्बन्धी आवश्यक निर्देशन दिने।

(ग) आपूर्ति गरिएका व्यक्तिको सेवा तथा कार्यसम्पादनको नियमित अनुगमन गर्ने।

(घ) सम्झौताबमोजिम पेस भएको बिल, हाजिरी तथा आवश्यक कागजातका आधारमा मासिक भुक्तानी गर्ने।

(ङ) सुरक्षा कार्य सम्पादनका लागि कार्यालयको तर्फबाट आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

६. <u>आपूर्तिकर्ताको काम, कर्तव्य तथा दायित्व :</u>

(क) समितिले तोकेको संख्या, स्थान र समयअनुसार आवश्यक योग्यता पुगेका सुरक्षा गार्ड सम्झौता अवधिभर उपलब्ध गराउने।

(ख) सुरक्षा गार्डको ड्युटी तालिका, हाजिरी, बिदा, प्रतिस्थापन तथा परिचालनको व्यवस्थित अभिलेख राख्ने।

(ग) प्रत्येक ड्युटी स्थलमा आवश्यक संख्यामा सुरक्षा गार्ड नियमित रूपमा उपस्थित हुने व्यवस्था मिलाउने।

(घ) आपूर्ति गरिएका प्रत्येक सुरक्षा गार्डलाई परिचयपत्र तथा आवश्यक पोसाक/सुरक्षा पोसाक उपलब्ध गराई अनिवार्य रूपमा प्रयोग गर्न लगाउने।

(ङ) सुरक्षा गार्डलाई ड्युटीसम्बन्धी आवश्यक निर्देशन, अनुशासन, व्यवहार तथा सुरक्षा प्रक्रियाबारे अभिमुखीकरण/तालिम दिने।

(च) सुरक्षा गार्डले ड्युटी समयमा पाएको जिम्मेवारी इमानदारी, अनुशासन र गोपनीयताका साथ सम्पादन गर्ने व्यवस्था मिलाउने।

(छ) कुनै सुरक्षा गार्ड अनुपस्थित भएमा पूर्वजानकारी लिई सोही दिन वैकल्पिक योग्य सुरक्षा गार्डको व्यवस्था गर्ने।

(ज) सुरक्षा गार्डको पारिश्रमिक, सामाजिक सुरक्षा कोष, चाडपर्व खर्च तथा प्रचलित कानून/सम्झौताअनुसारका सेवा सुविधाहरू समयमै उपलब्ध गराउने।

(झ) मासिक पारिश्रमिक माग गर्दा अघिल्लो महिनाको तलब भुक्तानी, सामाजिक सुरक्षा कोष तथा अन्य आवश्यक विवरण समितिमा पेस गर्ने।

(ञ) आपूर्ति गरिएका व्यक्तिको आवश्यकता अनुसार सामूहिक दुर्घटना बिमा तथा स्वास्थ्य बिमाको व्यवस्था गर्ने।

(ट) समितिको लिखित निर्देशनबमोजिम कार्यसम्पादनमा कमी देखिएका सुरक्षा गार्डलाई आवश्यक सुधार गराउने वा परिवर्तन गर्ने।

(ठ) प्रत्येक महिना सुरक्षा सेवाको हाजिरी, ड्युटी विवरण, घटना विवरण तथा कार्यसम्पादनसम्बन्धी संक्षिप्त प्रतिवेदन समितिमा पेस गर्ने।

७. <u>सुरक्षा गार्डले गर्नुपर्ने कामको विवरण :</u>

(क) तोकिएको ड्युटी स्थलमा ड्युटी समयभन्दा अगावै उपस्थित भई ड्युटी सम्बन्धित अभिलेख, चाबी, उपकरण तथा जिम्मेवारी बुझिलिने।

(ख) तोकिएको गेट, भवन, परिसर, पार्किङ, संरचना वा अन्य स्थानमा नियमित रूपमा सुरक्षा निगरानी गर्ने।

(ग) अनधिकृत व्यक्ति वा सवारी साधनको प्रवेश रोक्ने तथा आवश्यक परे परिचय/प्रयोजन खुलाउन लगाउने।

(घ) आगन्तुकको आवश्यक विवरण कार्यालयले तोकेको अभिलेखमा राख्ने तथा सम्बन्धित कर्मचारीको स्वीकृतिबिना संवेदनशील स्थानमा प्रवेश गर्न नदिने।

(ङ) कार्यालयको सम्पत्ति, उपकरण, सामग्री, सवारी साधन तथा अन्य भौतिक संरचनाको सुरक्षामा विशेष ध्यान दिने।

(च) ड्युटी अवधिमा चोरी, आगलागी, तोडफोड, अनधिकृत प्रवेश, झगडा, दुर्घटना वा अन्य असामान्य गतिविधि भएमा तत्काल सम्बन्धित अधिकारी/प्रहरी निकायलाई आवश्यक सूचना दिने।

(छ) आवश्यक अवस्थामा प्रारम्भिक सुरक्षा तथा आगलागी नियन्त्रणका उपाय अपनाउने र उपलब्ध सुरक्षा उपकरणको उचित प्रयोग गर्ने।

(ज) ड्युटी स्थलमा नियमित गस्ती/निरीक्षण गर्ने र शंकास्पद अवस्था वा क्षति देखिएमा ड्युटी अभिलेखमा उल्लेख गर्ने।

(झ) ड्युटी अवधिमा मोबाइल वा अन्य व्यक्तिगत गतिविधिमा अनावश्यक रूपमा संलग्न नभई सुरक्षा जिम्मेवारीमा केन्द्रित रहने।

(ञ) ड्युटी परिवर्तन गर्दा महत्वपूर्ण घटना, चाबी, सामग्री, अभिलेख तथा अन्य जिम्मेवारी सम्बन्धित सुरक्षा गार्डलाई व्यवस्थित रूपमा हस्तान्तरण गर्ने।

(ट) कार्यालयको गोप्य सूचना, सुरक्षा व्यवस्था, प्रवेश प्रणाली तथा अन्य संवेदनशील जानकारी अनधिकृत व्यक्तिलाई नदिने।

(ठ) समितिका पदाधिकारी/सम्बन्धित अधिकारीले दिएको सुरक्षा सम्बन्धी वैध निर्देशन पालना गर्ने।

(ड) माथि उल्लिखित बाहेक आवश्यकता अनुसार समितिले दिएको अन्य सुरक्षा सम्बन्धी कार्यसमेत गर्ने।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

८. **<u>सुरक्षा गार्डको लागि चाहिने योग्यता :</u>**

(क) साधारण लेखपढ गर्न सक्ने र सुरक्षा ड्युटीसम्बन्धी सामान्य अभिलेख राख्न सक्ने।

(ख) नेपाली नागरिक।

(ग) सुरक्षा गार्डको रूपमा काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिइने।

(घ) उमेर ५८ वर्ष ननाघेको।

(ङ) शारीरिक रूपमा स्वस्थ र सुरक्षा ड्युटी गर्न सक्षम भएको।

(च) फौजदारी अभियोग वा नैतिक पतन देखिने कसुरमा सजाय नपाएको।

(छ) ड्युटीको प्रकृति अनुसार रात्रीकालीन तथा पालो प्रणालीमा काम गर्न सक्ने।

९. **<u>सुरक्षा गार्डको संख्या, सेवा तथा सुविधाः</u>**

| सि.नं. | सेवा दिनुपर्ने स्थान | आवश्यक संख्या | महिना |
|---|---|---|---|
| १ | समितिको कार्यालय/तोकिएको कार्यक्षेत्र | ३ जना | ९ महिना |
| २ | आवश्यकतानुसार थप ड्युटी स्थल | समितिको आदेश बमोजिम | सम्झौता अवधिभित्र |
| | जम्मा | ३ जना | |

नोटः सुरक्षा गार्डको संख्या, ड्युटी स्थल तथा सेवा अवधि अनुसुचि ३ ख को परिमाण सूची (BOQ) तथा समितिको आवश्यकताअनुसार कायम हुनेछ।

१०. **<u>जन्म मिति खुलेको प्रमाण पेश गर्नुपर्ने :</u>**

आपूर्तिकर्ताले खरिद सम्झौता गर्नुअघि आपूर्ति गर्नुपर्ने प्रत्येक सुरक्षा गार्डको उमेर प्रमाणित हुने गरी जन्म मिति स्पष्ट खुलेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा प्रचलित कानूनबमोजिमको मान्य कागजात समितिमा पेश गर्नुपर्नेछ।

११. **<u>आचरण सम्बन्धी व्यवस्था :</u>**

(क) कार्य समयमा मादक पदार्थ वा लागूपदार्थ सेवन नगर्ने।

(ख) ड्युटीमा अनुशासनहीन, अभद्र वा गैरजिम्मेवार व्यवहार नगर्ने।

(ग) फौजदारी अभियोग वा नैतिक पतन देखिने कुनै किसिमको कसुरमा संलग्न नरहेको हुनुपर्ने।

(घ) कार्यालयको गोपनीयता तथा सुरक्षा सम्बन्धी सूचना अनधिकृत व्यक्तिलाई नदिने।

(ङ) समितिले दिएको वैध निर्देशन तथा प्रचलित कानूनले तोकेको आचरण पालना गर्ने।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

## १२. भेरिएसन आदेश:

समितिको कामको सिलसिलामा थप सुरक्षा गार्ड आवश्यक भएमा खरिद सम्झौता अवधिभर स्वीकृत खरिद व्यवस्था तथा प्रचलित कानूनबमोजिम आवश्यकतानुसार थप सुरक्षा गार्ड आपूर्ति गर्न समितिले आदेश दिन सक्नेछ। संख्या थपको आदेश समितिले आपूर्तिकर्तालाई खरिद सम्झौता अवधिभित्र जुनसुकै समयमा दिन सक्नेछ। हाल तोकिएका स्थानमा सुरक्षा सेवा आवश्यक नभई संख्या घटाउनुपर्ने भएमा समितिले संख्या घटाउन सक्नेछ। यसरी संख्या थपघट हुँदा स्वीकृत दररेट बमोजिम भुक्तानीमा थपघट हुनेछ।

## १३. कवोल र सेवा प्रदान गर्ने स्थान :

आपूर्तिकर्तले सम्झौतामा कबोल गरेको रकम तथा स्वीकृत दररेटअनुसार समितिको कार्यालय तथा समितिले तोकेका कार्यक्षेत्रमा सुरक्षा गार्ड परिचालन गरी सेवा प्रदान गर्नुपर्नेछ। आपूर्तिकर्तले सम्झौता अवधिभर तोकिएको संख्या, समय र स्थानमा सुरक्षा सेवा निरन्तर उपलब्ध गराउनुपर्नेछ।

नोटः सुरक्षा गार्डको संख्या, र समयावधि अनुरुपको दररेट कमोल अङ्क र अक्षरमा अनुसुचि ३ ख को फारम भरि पेश गर्नु पर्ने छ।

## १४. समितिले भुक्तानी गर्ने तरिका :

(क) सुरक्षा गार्डको मासिक पारिश्रमिक तथा अन्य स्वीकृत सेवा सुविधासम्बन्धी रकम प्रचलित कानून, बोलपत्र कागजात तथा खरिद सम्झौताबमोजिम भुक्तानी गरिनेछ।

(ख) मासिक भुक्तानीका लागि आपूर्तिकर्ताले हाजिरी विवरण, तलब भुक्तानीको प्रमाण, सामाजिक सुरक्षा कोष लगायतका सम्बन्धित कागजात तथा मासिक सुरक्षा सेवा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ग) आपूर्ति गरिएका व्यक्तिलाई सम्झौता बमोजिम उपलब्ध गराउनुपर्ने सेवा सुविधा भुक्तानी नगरेको प्रमाणित भएमा प्रचलित कानून तथा सम्झौताबमोजिम आवश्यक कारबाही गर्न सकिनेछ।

## १५. आपूर्ति गरिएका व्यक्तिको हाजिरी व्यवस्थापन :

(क) समितिले प्रत्येक महिना भुक्तानी गर्दा सुरक्षा गार्डको हाजिरी विवरण हेरी सेवा प्रदान भएको आधारमा भुक्तानी गर्नेछ।

(ख) हाजिरी छुट हुन गएमा वा ड्युटीमा अनुपस्थित हुने अवस्था भएमा आपूर्तिकर्ताले तत्काल सम्बन्धित शाखालाई जानकारी गराउनुपर्नेछ।

(ग) कुनै सुरक्षा गार्ड परिवर्तन भएमा नयाँ आउने व्यक्तिको आवश्यक विवरण तथा हाजिरी व्यवस्था मिलाई मात्र ड्युटीमा लगाउनुपर्नेछ।

(घ) सट्टामा केही समयका लागि सुरक्षा गार्ड खटाएमा नाम, ठेगाना, फोन नम्बर तथा अन्य आवश्यक विवरण समितिलाई लिखित रूपमा उपलब्ध गराउनुपर्नेछ।

**१६. सुरक्षा गार्ड आपूर्ति गर्ने अवधि :**

समितिले एकैपटक वा पटक-पटक आदेश दिएअनुरूप तोकिएको संख्या र योग्यता भएका सुरक्षा गार्डलाई आदेश पाएको मितिले १५ दिनभित्र समितिको कार्यालय तथा तोकिएको कार्यक्षेत्रमा उपलब्ध गराउनुपर्नेछ। आपूर्तिकर्ताको काबुबाहिरको परिस्थितिका कारण समयमै सुरक्षा गार्ड उपलब्ध गराउन नसकिएमा कारण खुलाई समितिलाई अग्रिम लिखित सूचना दिनुपर्नेछ। अवस्था हेरी समितिले प्रचलित खरिद व्यवस्था तथा सम्झौताबमोजिम आवश्यक अवधि थप गर्न सक्नेछ।

**१७. सबलेटिङ :**

आपूर्तिकर्ताले यस खरिद सम्झौता बमोजिमको सुरक्षा गार्ड आपूर्ति तथा सुरक्षा सेवा प्रदान गर्ने कार्य अन्य व्यक्ति, फर्म वा कम्पनीलाई कुनै पनि प्रकारले हस्तान्तरण गर्न पाउनेछैन। सम्झौताबमोजिमको सम्पूर्ण कार्य आपूर्तिकर्ताले स्वयं व्यवस्थापन गर्नुपर्नेछ।

**१८. कार्य निलम्बन :**

आपूर्तिकर्ताले तोकिएको योग्यता तथा संख्याअनुसार सुरक्षा गार्ड उपलब्ध नगराएमा वा सम्झौताबमोजिम सुरक्षा सेवा नियमित रूपमा सञ्चालन नगरेमा समितिले प्रचलित कानून तथा खरिद सम्झौताबमोजिम कार्य निलम्बन वा अन्य आवश्यक कारबाही गर्न सक्नेछ।

**१९. खरिद सम्झौता अवधि :**

समिति र आपूर्तिकर्ताबीच हुने खरिद सम्झौताको अवधि सेवा प्रारम्भ भएको मितिले बढीमा १ वर्षको हुनेछ। कार्यसम्पादन राम्रो देखिएमा वढिमा २ वर्ष समय थप गर्न सकिनेछ। यस सम्झौता अवधि पुरा भए पश्चात कुनै कारणले खरिद प्रकृया शुरु भई समय लम्बिन गएमा साविक सम्झौता बमोजिम आपूर्तिकर्ताले सेवालाई खरिद प्रकृयाको नयाँ सम्झौता नभएसम्म निरन्तरता दिनु पर्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

२०. <u>खरिद सम्झौता (करार) तोड्ने र क्षतिपूर्ति असूल उपर गर्ने :</u>

(क) आपूर्तिकर्ताले यस कार्यक्षेत्रगत शर्तको कुनै वा सबै शर्त उल्लंघन गरेमा समितिले सुधारका लागि लिखित सूचना दिन सक्नेछ। तोकिएको समयभित्र सुधार नगरेमा प्रचलित कानून तथा सम्झौताबमोजिम खरिद सम्झौता रद्द गर्न सकिनेछ।

(ख) आपूर्तिकर्ता वा आपूर्तिकर्ताले खटाएको सुरक्षा गार्डको लापरवाही वा गैरजिम्मेवारीका कारण समितिको चल-अचल सम्पत्तिमा हानि नोक्सानी भएमा प्रचलित कानून तथा सम्झौताबमोजिम क्षतिपूर्ति असुल गरिनेछ।

(ग) सुरक्षा गार्डले तोकिएको ड्युटीमा अनुपस्थित भई सुरक्षा सेवा प्रभावित गरेमा समितिले सम्झौतामा तोकिएबमोजिम रकम कट्टा/हर्जाना गर्न सक्नेछ।

(घ) समितिको सुरक्षा व्यवस्थामा गम्भीर असर पर्ने कार्य, गोपनीयता भंग, चोरीमा संलग्नता वा अन्य गम्भीर त्रुटि देखिएमा सम्बन्धित सुरक्षा गार्डलाई तत्काल परिवर्तन गर्न समितिले निर्देशन दिन सक्नेछ।

(ङ) आपूर्तिकर्ताले समितिले दिएको निर्देशनअनुसार खटिएका सुरक्षा गार्डलाई आवश्यक प्रशिक्षण तथा क्षमता विकास गराउने जिम्मेवारी वहन गर्नुपर्नेछ।

२१. <u>सुपरिवेक्षण, निरीक्षण र हर्जाना :</u>

आपूर्तिकर्ताले प्रदान गर्ने सुरक्षा गार्डको सेवा तथा गुणस्तरको समितिबाट समय समयमा निरीक्षण तथा अनुगमन गरिनेछ। आवश्यकताअनुसार आपूर्तिकर्ताले सुरक्षा सेवाको दैनिक सुपरिवेक्षण गर्न जिम्मेवार प्रतिनिधि खटाउनुपर्नेछ। सुपरिवेक्षण तथा निरीक्षणका क्रममा सेवा सम्झौताबमोजिम नभएको वा समितिलाई नोक्सानी भएको देखिएमा सम्झौता तथा प्रचलित कानूनबमोजिम हर्जाना वा क्षतिपूर्ति आपूर्तिकर्ताबाट असुल गर्न सकिनेछ।

२२. <u>सूचना दिनुपर्ने :</u>

कुनै सुरक्षा गार्ड बिदामा बस्नुपर्ने, अनुपस्थित हुने वा कुनै कारणले व्यक्ति परिवर्तन गर्नुपर्ने भएमा आपूर्तिकर्ताले समितिलाई पूर्वसूचना दिनुपर्नेछ। सुरक्षा सेवा प्रभावित नहुने गरी सोही अवधिका लागि योग्य वैकल्पिक सुरक्षा गार्डको व्यवस्था गर्नु आपूर्तिकर्ताको अनिवार्य दायित्व हुनेछ।

२३. <u>तालिम :</u>

आपूर्तिकर्ताले आपूर्ति गरिएका सुरक्षा गार्डलाई कम्तीमा वर्षमा १ पटक सुरक्षा अनुशासन, आगलागी तथा आपतकालीन अवस्था व्यवस्थापन, प्राथमिक सुरक्षा उपाय, आगन्तुक व्यवस्थापन तथा पेशागत स्वास्थ्य र सुरक्षासम्बन्धी आधारभूत तालिम दिनुपर्नेछ र सोको अभिलेख समितिमा उपलब्ध गराउनुपर्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२

२४. <u>अभिन्न अंग हुने :</u>

बोलपत्र कागजातमा उल्लिखित शर्त तथा अवस्था, सिलबन्दी बोलपत्र पेस गर्दाका बखत पेस गरिएका कागजात, खरिद सम्झौता गर्दा गरिएका प्रतिबद्धता सम्बन्धी कागजात तथा यो कार्यक्षेत्रगत शर्त सुरक्षा सेवा खरिद सम्झौताको अभिन्न अंगको रूपमा रहनेछन्।

२५. <u>संशोधन :</u>

यो कार्यक्षेत्रगत शर्तको पालना गर्ने क्रममा थप स्पष्ट गर्नुपर्ने विषय वा समस्या/विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा तथा प्रचलित कानूनसँग नबाझिने गरी कार्यक्षेत्रगत शर्तहरू संशोधन वा स्पष्ट गर्न सकिनेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी, काठमाडौं
२०५२